**मिति २०८०/०४/३१ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु :-**

**निर्णय नं.१ :-** कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार नियन्त्रण/निवारण सम्बन्धि स्थानीय आचारसंहिता २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** यस कार्यालयमा कार्यरत अधिकृतस्तर नवौ (शिक्षा) का श्री बाबुराम बराललाई गण्डकी प्रदेश सरकारको स्थानीय सेवाको गठन तथा सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा २७(१) वमोजिमको तह बृद्धि तथा दफा २७(४) वमोजिम लागु हुने गरी अधिकृतस्तर दशौ (स्थानीय प्रशासन सेवा) तहमा गरिएको तह वृद्धि सम्बन्धी निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** राजश्व परामर्श समितिको मिति २०८०/०४/२६ गतेको सिटीहलको सम्झौता रद्द गर्ने तथा भाडामा लगाउन सूचना प्रकाशन गर्ने, नदीजन्य पदार्थको विक्रि तथा निकासी करको ठेक्का बन्दोवस्त गर्ने, विभिन्न सेवा शुल्क लिने सम्बन्धमा भएका निर्णयहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** पुतलीबजार नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-** टेम्पो, अटोरिक्सा, रिक्सा व्यवस्थापन कार्यविधि २०७५ वमोजिम रुट ईजाजत तथा भाडादर निर्धारण समितिको बैठकबाट शिफारिस भएवमोजिमको भाडादर सम्बन्धि निर्णय समर्थन गर्ने र कार्यान्वयनमा ल्याई सोको दररेट आगामी सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो । त्यस्तै गरी रुटईजाजत पत्रको ठाउँसारी/नामसारी र ईजाजत पत्र प्रतिलिपि प्रदान गर्दा लाग्ने दस्तुर वापत रु ११००। लिने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** मिति २०८०/०४/२९ गतेको वन वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णय नं. १ वमोजिम मनसुनजन्य प्रकोपका लाभग्राहीहरुलाई राहत तथा आर्थिक सहायता प्रदान गर्ने सिफारिस सहित तोकिएको सहयोगको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** पुतलीबजार नगरपालिका स्याङ्जा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धि निर्देशिका २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** पुतलीबजार नगरपालिका अन्तर्गत मृगौला प्रत्यारोपण एवं डायलासिस गरिरहेका, क्यान्सर रोगी, मेरुदण्ड, पक्षघातका सघन विरामीहरुलाई औषधी उपचार खर्च वापत उपलब्ध गराइएको अनुदानलाई निरन्तरता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :-** स्याङ्जा अस्पतालका स्वास्थ्य उपकरण (PICU setup, OT set up ) सञ्चालन गरी सेवा प्रदान गर्नका लागि लाग्ने दक्ष चिकित्सक (MGDP) को पारिश्रमिक अनुदान स्वरुप रु ५,५०,०००।- (अक्षरुपी रु. पाँच लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० :-** नगर भित्रको खानेपानी योजनाको लागि नगर विकास कोष, र खानेपानी तथा ढल ब्यबस्थापन बिभाग सहलगानी तथा सरसफाई आयोजना पानी पोखरी काठमाडौं संग सहलगानी र साझेदारीतामा सहकार्य गरी कार्य गर्ने निर्णय गरियो ।

१. स्याङ्जाबजार बृहत तथा एकीकृत खानेपानी आयोजना, पुतलीबजार न.पा. वडा नं. १

**निर्णय नं. ११ :-** यस नगरपालिकामा निर्माणाधिन र म्यादथप हुन बाँकी कभर्डहल, वडा कार्यालय र सडक आयोजनाका बहुवर्षिय ठेक्का बन्दोवस्ती सम्बन्धि कार्यको प्रचलित कानून अनुसार म्याद थप गरी समयमै कार्य सम्पादन गर्न निर्देशन दिने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख

**निर्णय नं १२ :-** यस नगरपालिका वडा नं ८मा स्वास्थ्य चौकी भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्था हुन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ :-** यस नगरपालिका अन्तरगतका शैक्षिक संस्थाहरुमा मिति २०८०/०५/१६ देखि लागू हुनेगरी कक्षा ११ र शैक्षिक सत्र ०८१ देखि लागु हुने गरी कक्षा १२ को पढाई दिउँसोको समयमा गर्ने व्यवस्था गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १४ :-** पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष ०८०/०८१ को नगर दररेट पेश हुन आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १५ :-** नगरसभा एवं वार्षिक स्वीकृत कार्यक्रम अनुसारका लक्षित वर्गका लागि नि शुल्क स्वास्थ्य बिमा गर्ने निर्णय गरियो ।

**निर्णय नं १६ :-** २०८० भाद्र महिना भित्रै आ.व.०७९/०८ ० को वार्षिक प्रगति समिक्षा गर्ने निर्णय गरियो ।

**निर्णय नं १७ :-** पुतलीबजार नगरपालिकाका करारमा प्राविधिक कर्मचारि व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ को दफा ५ बमोजिमको अन्तरवार्ता सूचीकरण समितिको संयोजक प्रमुख प्रशासकिय अधिकृत रहने व्यवस्था रहेकोमा प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत कर्मचारि संयोजक हुने गरी संसोधन गर्ने र रित्त कार्यालय सहयोगी पदको हकमा विज्ञापन अनुसार पर्न आउने उम्मेदवारहरुको अन्तरवार्तामा प्राप्ताङ्कको आधारमा नतिजा प्रकाशन गरी सेवा करार गर्ने निर्णय गरियो ।

**निर्णय नं १८ :-** संघिय सरकारबाट जारि गरिएको भु उपयोग ऐन, २०७६ दफा १८ बमोजिम स्थानीय भू-उपयोग परिषद्को कार्यमा सहयोग गर्न भू-उपयोग कार्यान्वयन समितिको गठन गर्नु पर्ने प्रावधान अनुसार उक्त ऐनको दफा २० (१) को घ बमोजिम यस स्थानीय तह उपयोग परिषदबाट सरोकारवालाहरु मध्येबाट तपशिल बमोजिमका २ जना महिला सहित ४ जना महानुभावलाई उक्त कार्यान्वयन समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

१. मखमलि श्रेष्ठ, पु.ब.न.पा ३ महिला सदस्य
२. सिता गोदार, पु.ब.न.पा.३, महिला सदस्य
३. अग्नि भण्डारी, पु.ब.न.पा १४, पुरुष सदस्य
४. विश्वराज मरासिनी, पु.ब.न.पा.३, पुरुष सदस्य

**निर्णय नं १९ :-** पुतलीबजार नगरपालिकाको कार्यक्षेत्र भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुको नियमित निरिक्षण, सुपरिवेक्षण तथा मुल्यांकन र नियमन गरी संस्थाहरुलाई सुधारका लागि सुझाव दिइ सहकारीमा सुशासन कायम गर्नको लागी १ वटा कार्यविधि तयार गरी लागु गरी सोही अनुसार कार्यान्वयन गर्नुपर्ने भएकोले सहकारी संस्था अनुगमन मूल्यांकन तथा नियमन कार्यविधि २०८०, स्वीकृत गरियो ।

**निर्णय नं २० :-** स्थानीय तह नगरपालिका गठन हुनु पुर्व बनेका घरलाई तत्कालीन मापदण्ड पालना गरि निर्माण गरेको हो भन्ने घर निर्माण गरेको मिति खुल्ने गरि सधियारहरु र वडा कार्यालयको सर्जमिन मुचुल्काको आधारमा घर अभिलेखिकरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख